# स्थानीय राजपत्र

कागेश्वरी मनोहरा नगरपालिकाद्वारा प्रकाशित

खण्डः २ संख्याः ९ मितिः २०७९/०३/१६

**भाग—२**

## कागेश्वरी मनोहरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं, वागमती प्रदेश, नेपाल

# कागेश्वरी मनोहरा नगरपालिकाको भवन नक्सा डिजाइन गर्ने परामर्श फर्म तथा डिजाइनर सूचीकरण कार्यविधी २०७८

**प्रस्तावना:** नगरपालिका भित्र निर्माण हुने भवनहरु निर्माण गर्नको लागि भवनको नक्सा पास प्रक्रियालाई सरल तथा सूचना प्रबिधि मैत्री बनाउँदै बिद्युतीय भवन अनुमति प्रणाली (Electronic Building Permit System- EBPS) लागू गर्न र भवन नक्सा डिजाइन गर्ने फर्म तथा डिजाइनरहरु सूचीकृत गर्न वाञ्छनीय भएकोले, कागेश्वरी मनोहरा नगरपालिकाको कार्यपालिकाले यो कार्यबिधि बनाइएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (क)यो कार्यविधिको नाम कागेश्वरी मनोहरा नगरपालिका भवन नक्सा डिजाइन गर्ने परामर्श फर्म तथा डिजाइनर सूचीकरण कार्यविधि, २०७८ रहेको छ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाले पारित गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "नगरपालिका" भन्नाले कागेश्वरी मनोहरा नगरपालिका सम्झनु पर्दछ।

(ख) "भवन" भन्नाले नगरपालिकाभित्र निर्माण हुने भवन सम्झनु पर्छ र सो शव्दले नगरपालिका भित्र बन्ने घर टहरा लगायतका सरकारी तथा निजी संरचना समेतलाई जनाउनेछ।

(ग) "नक्सा" भन्नाले नगरपालिकाभित्र निर्माण गरिने भवनको लागि कन्सल्टेन्ट फर्म वा डिजाईनजरबाट तयार गरिएको नक्सा सम्झनु पर्दछ।

(घ) "कन्सल्टेन्ट तथा डिजाईनर" भन्नाले नक्सा तयार गर्ने प्रयोजनको लागि दफा ८ बमोजिम इजाजत प्रमाणपत्र प्राप्त फर्म वा व्यक्ति सम्झनु पर्दछ।

३. **कार्यविधिको उद्देश्य**: यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेको छः-

(क) यस नगरपालिकामा नक्सा सम्बन्धित कार्य गर्नुपूर्व कन्सल्टेन्ट तथा डिजाईनर सुचिकृत गर्ने,

(ख) कन्सल्टेन्ट तथा डिजाईनरहरुबाट तयार हुने नक्शा नगरपालिकाले निर्धारण गरेको ढांचा अनुरुप तयार गर्ने,

(ग) नक्सा स्वीकृत प्रक्रियालाई छिटो-छरितो बनाउने ,

(घ) भवन निर्माण मापदण्ड तथा भवन निर्माण आचार संहिता पूर्ण रुपमा लागू गर्ने, गराउने,

(घ) कन्सल्टेन्ट तथा डिजाईनरहरुलाई सूपरिबेक्षणको कार्यमा समेत जिम्मेवारीबोध गराउने।

४. **सूचीकृत हुनुपर्ने**: नगरपालिकाभित्र भवन निर्माणको लागि नक्सा तयार गर्नु अघि इच्छुक व्यक्ति वा फर्म नगरपालिकामा सूचिकृत हुनुपर्नेछ।

५. **आवेदन दिनु पर्ने**: (१) दफा ४ बमोजिम नक्सा तयार गर्ने प्रयोजनको लागि सुचिकृत हुन चाहने व्यक्ति वा फर्मले सूचिकृत हुनको लागि नगरपालिकामा आवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने आवेदनको फाराम नगरपालिकाको भवन शाखाबाट लिई फारम भर्न वा EBPS PORTAL बाट सिधै अनलाईनमार्फत फारम भरि पेश गर्न सकिनेछ।

(३) भवन ऐन २०५५ अनुसार बर्ग "क","ख", ग" र "घ", किसिमका भवनहरुको नक्शा तयार गर्नको लागी सूचीकृत हुन चाहने फर्मले उपदफा (२) बमोजिम दिने आवेदनसाथ देहायका कागजात संलग्न गर्नु पर्नेछः-

(क) नक्सा तयार गर्ने उद्देश्यको लागि सम्बन्धित निकायबाट प्रदान गरेको फर्म वा कम्पनीको दर्ता प्रमाणपत्र,

(ख) स्थायी लेखा नम्वर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र ,

(ग) दफा ६ बमोजिमका जनशक्तिको वायोडाटा।

(४) भवन ऐन २०५५ अनुसार बर्ग "ख", ग र घ किसिमका भवनहरुको नक्शा तयार गर्नको लागी सूचीकृत हुन चाहने व्यक्तिले उपदफा (२) बमोजिम दिने आवेदनसाथ दफा ६ बमोजिमको व्यक्तिगत वायोडाटा संलग्न गर्नु पर्नेछ।

६. **<u>जनशक्तिको योग्यता</u>**: (१) दफा ५ बमोजिम सूचिकृतको लागि आवेदन दिने फर्म वा कम्पनीमा देहायबमोजिमका योग्यता पूरा भएका जनशक्ति कार्यरत रहेको हुनु पर्नेछः-

| सि नं | बर्ग | जनशक्ति |
|---|---|---|
| १ | "क" | क. स्ट्रकचरल ईन्जिनियरिङ्ग/Earthquake ईन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर गरेको ईन्जिनियर कम्तीमा एकजना<br>ख. आर्किटेक्चर ईन्जिनियरिङ्ग विषयमा स्नातक गरेको ईन्जिनियर कम्तीमा एकजना<br>ग. ईलेक्ट्रिक ईन्जिनियरिङ्ग विषयमा स्नातक गरेको ईन्जिनियर कम्तीमा एकजना<br>घ. सिभिल ईन्जिनियरिङ्ग विषयमा स्नातक गरेको ईन्जिनियर कम्तीमा एकजना |
| २ | "ख" | सिभिल वा आर्किटेक्चर ईन्जिनियरिङ्ग विषयमा मा स्नातक गरेको ईन्जिनियर कम्तीमा एकजना |
| ३ | "ग"र "घ" | सिविल वा आर्किटेक्चर ईन्जिनियरिङ्गमा डिप्लोमा गरेको जुनियर ईन्जिनियर कम्तीमा एकजना |

नो.बि : पेश भएका स्नातक गरेका प्राबिधिक जनशक्ति नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा अनिवार्य दर्ता भएको हुनुपर्ने।

७. **सूचीकृत गरिने**: (१) दफा ५ बमोजिम प्राप्त हुन आएको आवेदन र संलग्न कागजातउपर आवश्यक जाँचबुझ गर्दा आवेदन रितपूर्वकको भएको र आवश्यक कागजात पूरा भएको देखिएमा नगरपालिकाले त्यस्तो आवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र आवेदकलाई सूचीकृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम आवेदनउपर जाँचबुझ गर्दा आवेदन रितपूर्वकको नभएमा वा आवश्यक कागजात पूरा भएको नपाइएमा नगरपालिकाले त्यस्तो आवेदकलाई सातदिनभित्र रितपूर्वकको आवेदन दिन वा आवश्यक कागजात संलग्न गरी आवेदन पेश गर्न जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जानकारी प्राप्त भएको सातदिनभित्र रितपूर्वकको आवेदन प्राप्त हुन आएमा नगरपालिकाले आवेदकलाई सूचीकृत गर्नेछ।

(४) यस दफाबमोजिम सूचीकृत गर्दा ख" "ग" र "घ" किसिमका भवनहरुको नक्शा तयार गर्नको लागि यस कार्यविधिबमोजिम योग्यता पूरा भएका प्राबिधिकहरुलाई ब्यक्तिगत रुपमा पनि ईजाजत दिने गरी सूचिकृत गर्न सकिनेछ।

८. **प्रमाणपत्र दिने**: (१) दफा ७ बमोजिम सूचिकृत गरेपछि नगरपालिकाले देहायबमोजिमको दस्तूर लिई सूचिकृत व्यक्ति वा फर्मलाई नक्सा तयार गर्ने इजाजत प्रमाणपत्र दिनेछ:-

(क) "क" वर्गको भवनहरुको नक्शा तयार गर्ने सूचिकृत कन्सल्टेन्ट फर्मको लागी रकम पन्ध्र हजार रुपैया मात्र (रु.१५,०००।-),

(ख) "ख" "ग" र "घ" वर्गको भवनहरुको नक्शा तयार गर्ने सूचीकृत कन्सल्टेन्टहरुको लागी दश हजार रुपैया मात्र (रु. १०,०००।-),

(ग) डिजाइनरले व्यक्तिगत हिसाबले काम गर्ने गरि सूचीकृतको लागि पाँच हजार रुपैया मात्र (रु. ५,०००।-)।

(२) उपदफा (१) बमोजिमको दस्तूर वापतको रकम दाखिला गरेपछि नगरपालिकाले यस कार्यबिधिमा उल्लेखित बुँदाहरु समावेश गरी तयार अनुसूची -१ बमोजिमको इजाजत प्रमाणपत्र प्रदान गर्नेछ।

९. **इजाजत प्रमाणपत्रको अवधि र नवीकरण**: (१) दफा ८ बमोजिम दिएको इजाजत प्रमाणपत्रको अवधि प्रदान गरिएको मितिबाट एक वर्षको हुनेछ।

(२) उपदफा (१) बमोजिमको म्याद समाप्त भएको मितिले तीन महिनाभित्र इजाजत प्रमाणपत्र नवीकरणको लागि नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र नवीकरणको लागि निवेदन दिएमा देहायबमोजिमको रकम बुझाएमा नगरपालिकाले सुरुको दर्ता मिति बाट एक बर्षको लागि इजाजत प्रमाणपत्रको नवीकरण गरिदिनेछः-

(क) "क" वर्गको भवनहरुको नक्शा तयार गर्ने इजाजत प्रमाणपत्रको लागि दस हजार रुपैया (रु.१०,०००।-),

(ख) "ख" वर्गको भवनहरुको नक्शा तयार गर्ने इजाजत प्रमाणपत्रको लागि छ हजार रुपैया (रु.६,०००।-),

(ग) व्यक्तिगत डिजाइनर इजाजत प्रमाणपत्रको लागि तीन हजार रुपैया (रु.३,०००।-)।

(४) उपदफा (२) बमोजिमको म्याद पश्च्यात अर्को तीन महिना सम्म नवीकरणको लागि निवेदन दिएमा देहायबमोजिमको रकम बुझाएमा नगरपालकाले सुरुको दर्ता मिति बाट एक बर्षको लागि इजाजत प्रमाणपत्रको नवीकरण गरिदिनेछः-

(क) "क" वर्गको भवनहरुको नक्शा तयार गर्ने इजाजत प्रमाणपत्रको लागि बाह्र हजार रुपैया (रु.१२,०००।-),

(ख) "ख" वर्गको भवनहरुको नक्शा तयार गर्ने इजाजत प्रमाणपत्रको लागि आठ हजार रुपैया (रु.८,०००।-),

(ग) व्यक्तिगत डिजाइनर इजाजत प्रमाणपत्रको लागि चार हजार रुपैया (रु.४,०००।-)।

(५) उपदफा (४) बमोजिमको म्याद भित्र पनि नबिकरणको लागि निवेदन नदिएमा ईजाजतपत्र स्वतः खारेज हुनेछ र इजाजत प्रमाणपत्र पुनः चाहेमा इजाजत प्रमाणपत्रवालाले नयाँ इजाजत प्रमाणपत्रको प्रक्रिया सुरु गर्नु पर्नेछ।

१०. **<u>इजाजतपत्र खारेज गर्न सक्ने</u>**: (१) दफा ८ बमोजिम प्रदान गरिएको इजाजतपत्र देहायका अवस्थामा खारेज गर्न सकिनेछः-

(क) भवन ऐन, भवन नियमावली, भवन आचारसंहिता, भवन निर्माण मापदण्ड र नक्शापास फाराममा उल्लेख गरिएका बुँदाहरुलाई प्रतिकुल असर पर्ने गरी आफ्नै तवरले ब्याख्या गरी नक्शा तयार गरेमा,

(ख) सार्वजनिक जग्गा, खोला, सडक आदिको क्षेत्राधिकारभित्रको जग्गा, चोक, मन्दिर, साँध संधियारको जग्गा मिची, कुनैपनि रोक्का क्षेत्रमा तथा तात्कालीन मापदण्डले स्विकृत दिन नमिल्ने घरको नक्शा तयार गरेमा,

(ग) नगरपालिकालाई झुक्याउने किसिमले नक्शा तयार गरेमा र

(घ) सूपरिवेक्षणको क्रममा स्वीकृत नक्शा बिपरित मापदण्ड प्रतिकुल हुने गरी निर्माण कार्य गरेमा वा गर्न लगाएमा।

(२) उपदफा (१) बमोजिम नक्सा तयार गर्ने डिजाईनरलाई नगरपालिकाले प्रथम पटक मौखिक जानकारी तथा सचेत गराउन सक्नेछ र त्यस्तो किसिमको गल्ती पूनः दोहरिएमा नगरपालिकाले लिखित रुपमा स्पष्टिकरण सोध्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम स्पष्टीकरण सोधिएकोमा स्पष्टीकरण पेश हुन नआएमा वा पेश हुन आएको स्पष्टीकरणमा चित्त नबुझेमा नगरपालिकाले उपदफा (१) बमोजिमको कार्यमा संलग्न कन्सलटेन्सी तथा सोमा संलग्न प्राबिधिकहरुलाई समेत भविष्यमा नगरपालिकामा पूनः सूचीकृत हुन नपाउने गरी दफा ८ बमोजिम दिएको ईजाजत प्रमाणपत्र खारेज गर्न सक्नेछ ।

११. **इजाजतपत्रवालाको दायित्व**: दफा ८ बमोजिम इजाजतपत्र प्राप्त गरेका डिजाइनर अथवा कन्सलटेन्सीको दायित्वको सम्बन्धमा अन्यत्र उल्लेखित भएकोमा अतिरिक्त स्वीकृत नक्शा अनुसार कार्य गर्ने गराउने र सूपरिवेक्षण गर्ने समेतको दायित्य निजहरुमा रहनेछ।

प्रमाणीकरण मितिः २०७८/१२/२२

आज्ञाले,<br>
भोज राज घिमिरे<br>
प्रमुख प्रशासकीय अधिकृत